# नमुना ४

## सहजकर्ताको लागि निर्देशिका

"वृद्धिको लागि मिसन" पाठ्यक्रम
स्वस्थ मण्डलीहरू स्थापना गर्नु

multiplication network

Revised 2018

# “बृद्धिको लागि मिशन”

## मण्डली स्थापना पाठ्यक्रमको सरसरती अवलोकन

| | **नमूना १**<br>**स्वस्थ मण्डली स्थापना** | **नमूना २**<br>**सुसमाचार प्रचारको लागि तयारी** | **नमूना ३**<br>**परमेश्वरको योजनालाई बुझ्नु** | **नमूना ४**<br>**सुसमाचार प्रचार गर्नु** | **नमूना ५**<br>**मानिसहरुलाई विश्वासमा अगाडी बढाउनु** | **नमूना ६**<br>**चेलाहरुलाई हुर्काउनु** |
|---|---|---|---|---|---|---|
| **आराधना** | स्वस्थ मण्डलीको लागि वाइवलीय जगहरु | स्वस्थ मण्डलीहरुको लागि ईश्वरशास्त्रीय जगहरु | **स्वस्थ मण्डलीहरुको लागि मिशन सम्बन्धी जगहरु** | स्वस्थ मण्डलीहरुको लागि रणनैतिक जगहरु | सुसमाचारीय जीवन | इसाई बृद्धिः खीष्ट प्रमुख विषय (वा खीष्ट केन्द्रित) |
| **सेसन १** | **स्वस्थ मण्डली भनेको के हो ?** | **आत्मिक मापनः अनुसन्धानको सिद्धान्तहरु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?: आफ्नो अनुसन्धानलाई बताउनु** | **विश्वास द्धारा धर्मीकरण** | **सुसमाचारको बाधकहरु** | **महान आज्ञा र मण्डली स्थापना** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | मिशन, मूलपाठ र सन्दर्भ | दर्शन, मूलपाठ र सन्दर्भ | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन २** | **स्वस्थ मण्डली स्थापक भनेको के हो ?** | **यो हो जुन येशूले मेरो लागि गर्नुभएको थियोः तपाईको व्यक्तिगत गवाही तयार गर्नु र बताउनु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?: आफ्नो गवाही बताउनु र प्रार्थना गर्नु** | **अगुवापनको वाइवलीइ सिद्धान्तहरु** | **परिवर्तनको प्रक्रिया १** | **सफल चेला निर्माणको लागि उपायहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचर | दर्शन, मूलपाठ र सन्दर्भ | अगुवाहरुलाई सशक्त पार्नु | सुसमाचार | चेलापन |
| **सेसन ३** | **जेड-विचार परमेश्वरले के चाहनुहुन्छ?** | **सानो समूहहरुलाई अगुवाई गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः परमेश्वरको दर्शनलाई थाहा गर्नु** | **सुसमाचार र मण्डली स्थापना** | **परिवर्तनको प्रक्रिया २** | **आफ्नो लक्ष्यलाई चिन्नु, आफ्नो मानिसलाई चिन्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार | सुसमाचार | चेलापन |
| **सेसन ४** | **मण्डली स्थापना चक्र** | **गहन वाइवल अध्ययन २ः परमेश्वरको वचनलाई अवलोकन गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः मिशनलाई परिभाषित गर्नु** | **सानो समूहको शुरुवात गर्नु** | **सानो समूहमा सुसमाचार** | **गहन वाइवल अध्ययन ४ः परमेश्वरको वचनलाई लागु गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन ५** | **किन साना समूहहरु ?** | **तपाईको मण्डली स्थापनाको लागि प्रार्थना गर्न कसरी परिचालन गर्ने ?** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः मान्यताहरुलाई परिभाषित गर्नु** | **सुसमाचार र समूदायको आवश्यक्ताहरुलाई पुरा गर्नु** | **अभ्यासः सानो समूहको अनुभव** | **संसारको विचारधारालाई बुझ्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | सुसमाचार | स्पष्ट दर्शनलाई संचार गर्नु | सेवा | सुसमाचार | परमेश्वरको बोलावटमा निश्चयता भएको |
| **सेसन ६** | **गहन वाइवल अध्ययन विधिहरु १ः वाइवलले हामीलाई सिकाउन लगाउनु** | **प्रार्थना सँगतिः भजनसँग्रह ९५** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः रणनितिहरुलाई परिभाषित गर्नु** | **गहन वाइवल अध्ययन ३ः परमेश्वरको वचनलाई व्याख्या गर्नु** | **गुरुयोजनाको प्रस्तुति** | **प्रार्थना सँगतिः परमेश्वरको विश्वासयोग्यताको लागि उहाँलाई धन्यवाद दिने** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | आराधना | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | अवधारणाहरुको संश्लेषण | आराधना |

| | नमूना ७<br>समूह निर्माण गर्नु | नमूना ८<br>समूह निर्माण गर्नु | नमूना ९<br>मानिसलाई वास्ता गर्नु | नमूना १०<br>मण्डली स्थापना गर्नु | नमूना ११<br>भविष्यको लागि योजना बनाउनु | नमूना १२<br>एकतामा अगाडी बढ्नु |
|---|---|---|---|---|---|---|
| **आराधना** | सुसमाचारद्धारा परिवर्तन | नम्रहरुको लागि अनुग्रह | प्रेम, सेवकाईको जग | ताकि संसारले विश्वास गरुन् : यूहन्ना १७ | मूल्य चुकाउनु | सम्पूर्ण संसारले नसुने सम्म |
| **सेसन १** | **मण्डलीको लागि वाइवलीय जगहरु** | **सामूहिक कार्यः अरुहरुको लागि प्रभावकारी रुपमा काम गर्नु** | **सम्बन्धगत सुसमाचार** | **मण्डलीको संस्थागत कार्यहरु** | **भण्डारेपनको परिचय** | **द्धन्दको समाधान गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | सो समूहका सदस्यहरुलाई वास्ता गर्नु | अवधारणाहरुको संश्लेषण | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन २** | **मण्डलीः एक सजीव थोक** | **समूहको विकास** | **सँगति** | **आत्मिक वरदाहरुद्धारा सेवकाई** | **आर्थिक भण्डारेपन** | **प्रायश्चितको जीवन शैली** |
| स्वस्थ मण्डलीको अवधारणा | आधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | सँगति | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन ३** | **कहिले मानिसहरुको समूह एउटा मण्डली हुन्छ ?** | **सानो समूह छलफलको सक्रियता** | **हाम्रो समुदाय प्रति वास्ता गर्नु** | **कसरी आत्मिक वरदान सर्वेक्षणलाई प्रयोग गर्ने** | **रणनैतिक योजना कार्यशाला १** | **प्रायश्चित र पूर्नस्थापना : मण्डली अनुशासन** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | चेलापन | सुसमाचार,<br>मूलपाठ, र सन्दर्भ | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | | सँगति |
| **सेसन ४** | **गहन वाइवल अध्ययन विधि ५: गहन वाइवल अध्ययनलाई प्रयोग गर्ने तरीकाहरु** | **नयाँ सानो समूहका अगुवाहरुलाई तालिम दिनु** | **बृद्धि भईरहेको मण्डलीको विशेषताहरु** | **आत्मिक लडांईको पक्षहरु** | | **अगुवापन शैलीहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | चेलापन | चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | अवधारणाहरुको संश्लेषण | सँगति | | अगुवाहरुलाई सशक्त पार्नु |
| **सेसन ५** | **इसाई अगुवाको प्रोफाइल** | **अन्तरक्रियाको शैलहरु** | **सेवक अगुवापन** | **कसरी मण्डलीलाई आराधनामा अगुवाई गर्ने** | | **हाम्रो मण्डली र ख्रीष्टको वृहत अंग** |
| स्वस्थ मण्डलीको अवधारणा | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | आराधना | | सँगति |
| **सेसन ६** | **वाइवलीय प्रवचनः सन्देशलाई बुझ्नु** | **वाइवलीय प्रवचन २ः स्रोतालाई बुझ्नु** | **प्रार्थना सँगतिः एफिसी ३-५** | **वाइवलीय प्रवचन ३ः आफूलाई बुझ्नु** | | **प्रार्थना सँगतिः सुसमाचार फैलिनको लागि प्रार्थना** |
| स्वस्थ मण्डलीको अवधारणा | आराधना | आराधना | सँगति | सँगति | स्रोतहरुको भण्डारेपन, स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार |

# मिसनमा वृद्धि
## स्वस्थ मण्डलीहरू स्थापना गर्ने नमुना
## मल्टिप्लिकेसन नेटवर्क मिनिष्ट्रिज
## धेरै मण्डलीहरू/बलिया मण्डलीहरू

कपिराइट © २०१५

यो मण्डली स्थापनाको तालिम अबिज्ड ओमेगा पाठ्यक्रम र स्वस्थ मण्डली स्थापना गर्ने मल्टिप्लिकेसन नेट वर्क मिनिष्ट्रिजको संयुक्त कार्यक्रम हो ।

एमएनएमले मण्डली स्थापना गर्ने केन्द्रको तालिमबाट र वर्ल्ड मिनिष्ट्रिजबाट यस कार्यलाई मण्डलीमा प्रयोग गर्न अनुमति प्राप्त गरेको छ ।

तपाईंलाई यस समाग्रीलाई उत्पादन गर्न र वितरण गर्नलाई कुनै पनि स्वरुपमा निम्न प्रकारले अनुमति तथा उत्साह प्रदान गरिएको छ: १) तपाईंले यस पाठ्यक्रमको श्रेय दिनुहुन्छ, २) यदि कुनै कुरालाई सुधार गरिएको छ भने, तपाईंले सूचित गर्नुहुन्छ, ३) यसलाई पुन छपाउनु हुदा लाग्ने खर्चलाई तिर्न लगाउनुहुन्न, र ४) तपाईंले यसलाई १,००० प्रतिभन्दा बढी छपाउन सक्नुहुन्न ।

ओमेगा पाठ्यक्रम:
व्यवहारिक मण्डली स्थापनाको तालिम

कपिराइट © २०००, २००६ युनाइटेड वर्ल्ड मिसन

यस समाग्रीलाई सुरुमा अलाइन्स फर स्याटुरेसन चर्च प्लान्टिङको समूहले कपिराइट गरेको थियो, र पिटर डेनेकाको रसियाको सेवकाइ २५० को प्रसंगको समन्वयात्मक साझेदारीमा तयार पारिएको थियो ।

यदि तपाईंले यस समाग्रीलाई इन्टरनेटमा राख्न चाहनुहुन्छ, वा यी माथि दिइएको रूपरेखा भन्दा पनि बाहेक तरिकाले प्रयोग गर्ने चाहना राख्नुहुन्छ भने, कृपया युनाईटेड ट्रेड वर्ड मिसनमा सम्पर्क गर्नुहोस्, ATTN: Jay Weaver/omega, 9401-B southern Pine Blvd., charlotte, nc 28273-5596, or omega_course@alliancescp.org.
अनुवाद गर्न र तपाईंको परिवेशअनुसार अंगाल्नलाई पनि उत्साह प्रदान गरिन्छ ।

अनुवाद गर्ने र तपाईंको परिवेशअनुसार ढाल्नलाई पनि अनुमति प्रदान गरिएको छ ।

हामीले डा. जेरी ओफर्ड, र डा. जेफ हालेलाई धन्यवाद दिँदछौं, किनकि यस महत्वपूर्ण समाग्रीलाई तयार
गर्ने र वितरण गर्ने कार्यमा उहाँहरूको योगदान ठूलो छ ।

मिसन टु मल्टिप्लाई सम्पादकहरू गेरी तेजा र जुवान वागनभेल्ड

**www.multiplicationnetwork.org**

| | **पहिलो दिनमा हुने नमुना ४ तालिमको निम्ति प्रस्तावित तालिका** | |
|---|---|---|
| | नमुना ४ को परिचय | ८.०० |
| | आराधना : स्वस्थ मण्डलीहरुको स्थापनाको निम्ति रणनीतिक आधारहरु | ८.१५ |
| | प्रतिवेदन प्रस्तुत | ८.३० |
| सेसन १ | विश्वासद्वारा धर्मीकरणः परमेश्वरसितको हाम्रो सम्बन्धको जग | ९.०० |
| | विश्राम | १०.०० |
| सेसन २ | नेतृत्व बारे बाइबलीय सिद्धान्तहरु | १०.१५ |
| सेसन ३ | नेतृत्व बारे बाइबलीय सिद्धान्तहरु | ११.१५ |
| | दिउँसोको खानाको समय | १२.१५ |
| सेसन ४ | सानो झुण्ड शुरुवात गर्नु | १.१५ |
| सेसन ५ | सुसमाचार प्रचार र सामुदायिक आवश्यकता पूरा गर्नु | २.१५ |
| | विश्राम | ३.१५ |
| सेसन ६ | गहन बाइबल अध्ययन विधिहरु ३ : परमेश्वरको वचनको व्याख्या गर्नु : | ३.३० |
| | समापन | ४.३० |
| | पहिलो दिनको समाप्ति | ४.४५ |

# सुसमाचार प्रचार गर्नु

## मोड्युल ४

### सिकाइ उद्देश्यः

- सहभागीहरुले प्रेरितको पुस्तकबाट लिइएको मण्डली स्थापनाका चारवटा रणनैतिक कारणहरु पहिचान गर्न सक्षम हुनेछन् ।
- सहभागीहरुले आफ्नै शब्दमा धर्मीकरणको धर्मशास्त्रीय अवधारणा परिभाषित गर्न र अरुहरुलाई सो अवधारणा बताउन बाइबल अध्ययन नेतृत्व गर्ने तरिका सिक्नेछन् ।
- सहभागीहरुले सांसारिक नेतृत्व र क्रिस्चियन नेतृत्व बीच अन्तर छुट्याउनेछन्, मण्डली स्थापना चक्रमा नयाँ नियमको नेतृत्वका ५ कार्यहरु लागू गर्नेछन्, र मण्डली स्थापना प्रक्रियामा निर्देशनात्मक तथा सहजीकरणमूलक नेतृत्वको उचितपनाको बारमा छलफल गर्नेछन् ।
- सहभागीहरुले मण्डली स्थापकको निम्ति सुसमाचार प्रचारको ५ सिद्धान्तहरुको बारेमा सिक्नुका साथै छलफल गर्नेछन् ।
- सहभागीहरुले सानो समूह छलफल नेतृत्व गर्नलाई विस्तृत खाका बनाउनेछन् ।
- सहभागीहरुले सुसमाचार प्रचार र सेवा बीच तीन प्रकारका सम्बन्धहरुसित जोडिएका गतिविधिहरु सिक्नेछन् र तिनलाई विकास गर्नेछन् ।
- सहभागीहरुले आगमनात्मक(गहन) बाइबल अध्ययन प्रक्रियाको व्याख्यात्मक चरणका अवधारणाहरु सिक्नेछन् र तिनलाई व्यवहारमा उतार्नेछन् ।
- अघिल्लो कार्यको आधारमा प्रत्येक मण्डली स्थापकले मोड्युल ५ को कार्य-योजनामा मण्डली स्थापनाको गुरु योजना विकास गर्नेछन् । हरेक मण्डली स्थापकले उपलब्ध खाकाको प्रयोग गर्दै आफ्नो मण्डली स्थापना प्रयासलाई मार्गनिर्देशन गर्ने, सान्दर्भिक खोज-अनुसन्धान, दर्शन, मिशन, मूल्य-मान्यता र रणनीति स्पष्ट रुपमा उल्लेख गर्नेछन् । हरेक मण्डली स्थापकले सहयोग गर्ने मण्डली तथा पाष्टरद्वारा मण्डली स्थापनाको गुरु योजनाको कागजातलाई स्वीकृति जनाइएको (पाष्टरको हस्ताक्षरद्वारा प्रमाणित गरिएको) लिखित अनुमोदन पत्र प्राप्त गरेको हुनुपर्दछ ।

### मोड्युल–४ को परिचय (१५ मिनेट)

### सहजकर्ताका प्रारम्भिक टिप्पणीहरु (२ मिनेट)

- सहभागीहरुलाई न्यानो, मित्रवत् र उत्साहपूर्ण तवरले स्वागत गर्नुहोस् । तालिमको दिनलाई परमेश्वरको महिमामा सुम्पनको निम्ति सबै सहभागीहरुलाई छोटो प्रार्थनामा अगुवाइ गर्नुहोस् ।

## प्रारम्भिक गतिविधि : म को हुँ ? (१३ मिनेट)

कागजको टुक्रामा बाइबलका प्रसिद्ध व्यक्तिहरुको नाम लेख्नुहोस् । प्रत्येक व्यक्तिको ढाँडमा कागजको एउटा-एउटा टुक्रा टाँस्नुहोस् ताकि उसले त्यो टुक्रा पढ्न नसकोस् । सहभागीहरुले आफ्नो ढाँडमा टाँसिएको नाम अनुमान गर्न नसकेसम्म उनीहरुले एक पटकमा एउटा प्रश्न सोध्दै कोठाको वरिपरि घुम्नुपर्ने हुन्छ ।

गतिविधि अन्त गर्दैगर्दा सबैलाई गोलो आकारमा उभिन लगाउनुहोस् र उनीहरुलाई तपाईंले बाइबलको कुन पात्रको प्रतिनिधित्व गर्नुभएको छ भनी बताइदिनुहोस् । एक-एक व्यक्तिलाई उनीहरुले प्रतिनिधित्व गरेको बाइबलको पात्रको बारेमा एउटा कुरा बताउन लगाउनुहोस्, जुनचाहिँ उनीहरुका विचारमा मण्डली स्थापक वा मण्डली स्थापनाको निम्ति महत्त्वपूर्ण हुनसक्छ । जब सबैले सिध्याउँछन्, उनीहरुलाई आराधनाको निम्ति आ-आफ्नो ठाउँमा जान भन्नुहोस् ।

# स्वस्थ मण्डलीहरुको स्थापनाको निम्ति रणनीतिक आधारहरु (१५ मिनेट)

**सहजकर्ताको लागि निर्देशात्मक अवलोकन :** विभिन्न सहभागीहरुलाई हरेक धर्मशास्त्रीय कारणको खातिर बाइबलीय खण्डहरु दिनुहोस् । उनीहरुलाई सबैले सुन्ने गरी बाइबलीय खण्डहरु पढ्न लगाउनुहोस् । सहभागीहरुलाई बाइबलीय खण्डहरुबाट एक-एक मिशनगत सिद्धान्त पत्ता लगाउन साथै उनीहरुका कार्य-पुस्तिकामा रहेको सम्बन्धित खाली ठाउँहरुमा भर्न अगुवाइ गर्नुहोस् ।

**सोध्नुहोस् :** "हामीले मोड्युल-३ मा सिकेको "रणनीति" को परिभाषा हाम्रो निम्ति कसले बताइदिनुहुन्छ ?"

**परिभाषा :** आफ्नो मूल्य-मान्यताअनुसार जीवन जिउने क्रममा तपाईंले आफ्नो दर्शन र मिशन हासिल गर्नको निम्ति तपाईंले अप्नाउनु हुने निर्दिष्ट कार्यहरु नै रणनीति हो ।

**सहजकर्ताको लागि निर्देशहरु : भन्नुहोस् :**"मण्डली स्थापना गर्ने क्रममा सुसमाचार प्रचार गर्न र सोअनुसार जीवन जिउन हामीले अपनाउने व्यावहारिक कदमहरुका रुपमा पनि रणनीतिलाई विचार गर्न सक्तछौं ।"
सहभागीहरुलाई आफ्नो कार्य-पुस्तिकामा निम्न गतिविधिलाई पूरा गर्न अगुवाइ गर्नुहोस् ।

**मण्डली स्थापनाका निम्ति केही साझा रणनैतिक कारण :**
**सहजकर्ताको लागि निर्देशहरु :** सबै सहभागीहरुलाई उनीहरुको आ-आफ्नो विशेष परिवेशमा लागू हुने कारणहरुसहित चिन्ह लगाउन भन्नुहोस् :

- ☐ **जनसङ्ख्या** तीव्र गतिमा बढिरहेको छ ।
- ☐ स्थापित मण्डलीहरुले भन्दा नयाँ मण्डलीहरुले **धेरै** व्यक्तिहरुलाई सुसमाचार सुनाउँछन् ।
- ☐ स्थापित मण्डलीहरु **गतिहीन हुन** भइरहेका छन् ।
- ☐ नयाँ मण्डलीहरुले **स्थापित** मण्डलीहरुलाई अभिप्रेरित गर्न सहायता गर्दछन् ।
- ☐ हराएका मानिसहरु **बसोबास गर्ने** स्थल नजीकै मण्डलीहरुको खाँचो छ ।
- ☐ नयाँ मण्डलीहरु धेरै **लचिकदार** हुन्छन् ।
- ☐ एउटै मण्डलीले **सबै मानिसकहाँ** सुसमाचार पुऱ्याउन संभव हुँदैन ।
- ☐ नयाँ मण्डलीहरुले द्रुत गतिमा **अगुवाहरु** निर्माण गर्दछन् ।
- ☐ **निकटता**ले चेलापनमा सहायता पुऱ्याउँदछ ।

निर्दिष्ट कार्यहरु –दर्शन–मिशन– सोअनुसार जीवन जियाइ

मण्डली स्थापनाका कारणहरुमध्ये कुन-कुनचाहिँ तपाईंले अहिलेसम्म सोच्नुभएको रहेनछ ? तपाईंले सहकार्य गरिरहनुभएका मानिसहरुलाई कुन-कुन कारणहरुले मण्डली स्थापना गर्न अभिप्रेरित गर्ला ?

-

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

**सहजकर्ताको लागि निर्देशनहरु : भन्नुहोस्,** "हामी सबैले नयाँ नियमको मण्डलीहरु स्थापना गर्नुको केही कारणहरु बारेमा विचार गरौं ।"

## नयाँ नियम मण्डलीहरु शुरुवात गर्नुका केही कारणहरु :

**सहजकर्ताको लागि निर्देशनहरु :** विभिन्न सहभागीहरुलाई हरेक कारणको लागि बाइबलीय खण्डहरु दिनुहोस् । सहभागीहरुलाई सबैले सुन्ने गरी बाइबलीय खण्डहरु पढ्न लगाउनुहोस् । सहभागीहरुलाई बाइबलीय खण्डहरुबाट मण्डली स्थापनाको लागि प्रत्येक कारण पत्ता लगाउन र उनीहरुका कार्य-पुस्तिकामा सम्बन्धित खाली ठाउँहरुमा भर्न अगुवाइ गर्नुहोस् ।

### पढ्नुहोस् : प्रेरित ८:१-८,१२

**रणनैतिक कारण १: सतावटको प्रत्युत्तर ।** यरुशलेम बाहिर नयाँ मण्डलीको पहिलो अभिलिखित स्थापनाचाहिँ सतावटको प्रतिफल थियो । मण्डली स्थापना कसरी सतावटप्रतिको रणनीतिक/व्यावहारिक प्रत्युत्तर हुन सक्छ सो बारे छलफल गर्नुहोस् । सहभागीहरुलाई आफ्नै अनुभव वा उनीहरुलाई थाहा भएअनुसार अरुहरुका अनुभवहरुबाट सतावटको कारण मण्डली स्थापना भएका उदाहरणहरु प्रस्तुत गर्न सक्छन् कि सोध्नुहोस् ।

### प्रेरित १०:१-२४,३६-४८ पढ्नुहोस्

**रणनैतिक कारण २: परमेश्वरको निर्देशनको प्रत्युत्तर ।** परमेश्वरले कर्नेलियस र पत्रुसलाई निर्दिष्ट निर्देशनहरु दिनुभयो । पत्रुस र कर्नेलियसले परमेश्वरका निर्दिष्ट निर्देशनहरु पालन गरेका कारण सिजरियामा मण्डली स्थापना भयो । परमेश्वरले कर्नेलियस र पत्रुसकहाँ आफूलाई कसरी प्रकट गर्नुभयो भनी छलफल गर्नुहोस् । उनीहरुले उनीहरुसित परमेश्वर बोल्दैहुनुहुन्छ भनी कसरी थाहा पाए ? परमेश्वरले हामीलाई निर्दिष्ट निर्देशन दिइरहनुभएको समय कसरी थाहा पाउन सकिन्छ ? सहभागीहरुलाई आफ्नै अनुभवमा वा उनीहरुलाई थाहा भएअनुसार अरुहरुका अनुभवहरुमा परमेश्वरको निर्दिष्ट मार्गनिर्देशनको प्रत्युत्तर स्वरुप स्थापना भएका मण्डलीहरुका उदाहरणहरु प्रस्तुत गर्न सक्छन् कि सोध्नुहोस् ।

सतावट - परमेश्वरको निर्देशन

**रणनैतिक कारण ३ : निमन्त्रणाको प्रत्युत्तर ।** पत्रुसले कर्नेलियसको निमन्त्रणाप्रति प्रतिक्रिया जनाए । पत्रुसले कर्नेलियसको परिवारमा परमेश्वरको कार्य प्रत्यक्ष रुपमा देखेको हुनाले त्यो बोलावट पनि परमेश्वरकै कार्य हो भन्ने कुरा बुझ्न उनी सक्षम भए । त्यसैले पत्रुसले आफ्नो समय-तालिकालाई त्यही बोलावट अनुसार समायोजन गरे । सहभागीहरुलाई आफ्नै अनुभवमा वा उनीहरुलाई थाहा भएअनुसार अरुहरुका अनुभवहरुमा परमेश्वरले निर्दिष्ट स्थानमा आएर मण्डली स्थापना गर्न बोलावट दिनुभएकोले मण्डलीहरु स्थापना भएका उदाहरणहरु प्रस्तुत गर्न सक्छन् कि सोध्नुहोस् ।

**प्रेरित १६:९-१५ पढ्नुहोस्**

**रणनैतिक कारण ४: सुसमाचार प्रचार गर्ने नियमित विश्वासयोग्यता ।** पावलमा आफूले यात्रा गर्ने सबै ठाँउमा विश्वासयोग्यतापूर्वक सुसमाचार प्रचार गर्ने बानी भएकोले फिलिप्पीमा मण्डली स्थापना भएको थियो । पावल म्याकेडोनियातिर यात्रा गर्ने क्रममा फिलिप्पी भएर गइरहेका थिए । पावलमा विश्वासयोग्य भई सुसमाचार प्रचार गर्ने बानी भएकोले लिडिया विश्वास गरिन्, र त्यसपछि पावलसित विश्वासयोग्य भई खडा हुने र अन्य मण्डलीहरुको निम्ति आशिषित मण्डली त्यस ठाउँमा स्थापना भयो । सहभागीहरुलाई आफ्नै अनुभवमा वा उनीहरुलाई थाहा भएअनुसार अरुहरुका अनुभवहरुमा नियमित सुसमाचार प्रचारको कारण मण्डलीहरु स्थापना भएका उदाहरणहरु प्रस्तुत गर्न सक्छन् कि सोध्नुहोस् ।

## प्रतिवेदन प्रस्तुत गर्ने समय : (३० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरु :**

- दिइएको प्रतिवेदन ढाँचालाई प्रयोग गरेर सहभागीहरुलाई नमूना–३ पूरा गरे पछिको आ-आफ्नो मण्डली स्थापना गतिविधि बारेमा बताउन अगुवाइ गर्नुहोस् ।
- विजयहरुको लागि उत्सव मनाउनुहोस्; निराश भएकाहरुलाई उत्साह दिनुहोस् । समयले भ्याएमा सहभागीहरुको मण्डली स्थापनाको सम्बन्धित अनुभवहरुको लागि एकअर्काको निम्ति प्रार्थना गर्न सक्नुहुनेछ ।
- प्रतिवेदन प्रस्तुति बारेमा सबै प्रश्नहरुको जबाफ दिनुहोस् ।

# मण्डली स्थापकको विवरण

मासिक प्रतिवेदन

## सामान्य जानकारी

| | | | | |
|---|---|---|---|---|
| **मासिक प्रतिवेदन** | | **मेन्टोरिँग भेलामा सहभागीता** | **छ** | **छैन** |
| **स्थापकको नाम** | | | | |
| **स्थापकको क्षेत्र** | | | | |
| **क्षेत्रीय निर्देशक** | | | | |

## व्यक्तिगत जानकारी

| | |
|---|---|
| **नयाँ सम्पर्कहरु**<br>मण्डली स्थापनाको सन्दर्भमा सुसमाचार प्रस्तुत गर्ने क्रममा सम्पर्क गरिएका व्यक्तिहरु | |
| **नयाँ जन्म पाएकाहरु**<br>येशूलाई ग्रहण गर्नेहरु | |
| **नयाँ बप्तिष्मा भएका व्यक्तिहरु**<br>वप्तिष्माको विधिमा सहभागी भएका व्यक्तिहरु | |
| **तालिममा नयाँ अगुवाहरु**<br>स्थापकले अगुवापनको लागि तालिम दिइरहेका व्यक्तिहरु | |

## सानो समूह । कम्तिमा २ जना नयाँ चेलाहरु र १ जना अगुवा

| | |
|---|---|
| **नयाँ सानो समूहहरु**<br>यो महिना शूरु भएका समूहहरु | |
| **सानो समूहमा नयाँ सहभागीहरु**<br>यो महिना सानो समूहमा सहभागी भएका नयाँ व्यक्तिहरु | |
| **समूह सहितको नयाँ अगुवाहरु**<br>मण्डली स्थापकको निरिक्षणमा सँचालित समूह सहितको नयाँ अगुवाहरु | |

## प्रार्थनाको अनुरोधहरु

१. ____________________

२. ____________________

३. ____________________

## गवाहीहरु

# सेसन १

# विश्वासद्वारा धर्मीकरण: परमेश्वरसितको हाम्रो सम्बन्धको जग (६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरु :** तल दिइएको सामाग्री प्रयोग गरी धर्मीकरणको विषयमा गहन बाइबल अध्ययनमा समूहलाई अगुवाइ गर्नुहोस् । सहभागीहरुलाई उनीहरुको आफ्नो कार्य-पुस्तिकामा दिइएको रुपरेखा भर्न र धर्मीकरणको परिभाषा आफ्नै शब्दहरुमा लेख्न लगाउनुहोस् ।

परिचय : (१० मिनेट)

हामीले कसरी परमेश्वरलाई घनिष्ठ, प्रेमिलो सम्बन्धमा जान्न सक्छौं ?
के परमेश्वरले हामीलाई साँच्चै नै स्वीकार गर्नुहुन्छ ?
परमेश्वरको सामु हाम्रो स्वीकार कहाँबाट आउँछ ?
हामीले परमेश्वरलाई मनपर्ने जीवन कसरी जिउन सक्छौं ?
हामीले पाप गऱ्यौं भने के हुन्छ ?

क्रिस्चियन ईश्वरशास्त्री मिलार्ड एरिक्सनले यसरी लेख्नुभएको थियो,

> *मुक्तिको सिद्धान्तको कतिपय पक्षहरु मानिसको परमेश्वरसितको उभिएको विषयसित सम्बन्धित हुन्छन् । व्यक्तिको कानूनी हैसियत अपराधी देखि निरपराधीतर्फ परिवर्तन भएको हुनुपर्दछ । यो कुनै एक व्यक्ति सम्पूर्ण ईश्वरीय मापदण्डहरु पूरा गरिएको व्यक्तिको रुपमा लिई परमेश्वरको दृष्टिमा दोषरहित वा धर्मी भनी घोषणा गरिएको हो । यहाँ धर्मशास्त्रीय शब्द धर्मीकरण भन्ने हो .... धर्मीकरण भनेको अभियुक्तलाई न्यायधीशले निरपराधी भनी घोषणा गरेझैं परमेश्वरको घोषणात्मक कार्य हो .... धर्मीकरण ख्रीष्टसितको एकतासँग घनिष्ठ रुपमा जोडिएको हुन्छ ।*

**बाइबल अध्ययन (१० मिनेट)**

१. धर्मीकरण

क) कामद्वारा **हुँदैन ।**

ख) त्यस्तो क्षमा होइन, जसमा परमेश्वरले हाम्रो पापलाई बेवास्ता गर्नुहुन्छ ।

२. धर्मीकरण भनेको

क) परमेश्वरको धार्मिकता हो : रोमी ३:२१-२४

ख) महान् आदानप्रदान हो : २ कोरिन्थी ५:२१, यशैया ६१:१०, रोमी ४:३-५, ८:१, एफिसी ४:२२-२४

३. विश्वासद्वारा धर्मीकरणका जटिल मुद्दाहरु

क) के हामीले आफैलाई धर्मी ठहऱ्याउन सक्छौं ?

ख) परमेश्वरले जे गर्नुभएको छ, त्यसको निम्ति के हामी श्रेय लिन सक्छौं ?

**उदाहरण : (३० मिनेट)**

विचार गर्नुहोस् कि एक जना व्यक्तिले जघन्य अपराध गरेको छ र ऊ मृत्यु-दण्डको सजाय कुरिरहेको हुन्छ । मृत्यु-दण्ड कुरिरहेको बेला उसको एक जना मित्र न्यायधीशकहाँ गएर उसको निम्ति क्षमा माग्दछ । न्यायधीशले जबाफ दिन्छ कि, "यदि तिमीले उसको सट्टामा मर्नको निम्ति तिम्रो आफ्नो छोरा दिन्छौं भने म उसलाई छुटकारा दिन्छु ।" त्यस मित्रले भन्दछ, "यो कुरो त हाँसउठ्दो छ । मैले कसरी यस्तो गर्न सक्छु र ?" तर न्यायधीशले भन्दछ ,"मैले उसलाई मुक्त पार्न सक्ने एउटै मात्र उपाय यही नै हो ।" असह्य पीडापछि बाबुले आफ्नो मित्रको निम्ति एउटै मात्र उपाय यही रहेछ भनी बुझेर आफ्नो मित्रको निम्ति आफ्नो छोरालाई बलिदानको रुपमा अर्पण गर्ने निर्णय गर्दछ । आज्ञा शिरोपर गरी छोरोचाहिँ न्यायधीशकहाँ जाँदछ अनि आफ्नो बाबुको मित्रको साटोमा मरिदिन स्वीकृती जनाउँछ । भोलिपल्ट न्यायधीशले त्यस छोरोलाई मृत्युदण्ड दिँन्छ र त्यसपछि दोषीलाई रिहाइ गर्दछ । घटना भएको केही समय नबित्दै बाबुले सजायमुक्त भएको कैदी र एक जना साथी बीच भइरहेको कुराकानी सुन्न पुग्दछ । जब रिहाइ भएको कैदीलाई सोधिन्छ कि , "तपाईले मृत्यु-दण्डदेखि कसरी छुटकारा पाउनुभयो?" रिहाइ भएको कैदीले यसरी जवाफ दिन्छ, "म जेलमा हुँदाखेरि निश्चल, असल व्यवहार गर्थे, अनि पहरेदारले जे जे भन्थ्यो म सबै मान्थें । मेरो असल आचरणको कारण उनीहरुले मलाई रिहाइ गरेको हो ।"

**छलफल :**

- तपाईंको विचारमा त्यस बाबुले आफ्नो मित्रले भनेको कुरोप्रति कस्तो प्रतिक्रिया जनाए होला?
- जेल-मुक्त भएको व्यक्तिले मेरो आचरणले गर्दा मेरो रिहाइ भएको थियो भनेर कसरी सोच्न सक्यो जबकि उनको खातिर मित्रको छोरोले जीवन दिएको थियो ?
- परमेश्वरसितको हाम्रो दैनिक यात्रामा, अनुग्रहमा शुरु गरेकालाई हामीलाई येशूले क्रूसमा समापन गर्नुभएको कार्यमा भरोसा गरी अनुग्रहमा निरन्तर लागिरहन किन यति गाह्रो भएको होला ?
- तपाईको विचारमा विश्वासाद्धारा धर्मीकरणले परमेश्वरसित तपाईंको सम्बन्ध राख्ने तरिका र उहाँले तपाईंसित सम्बन्ध राख्ने तरिकामा कस्तो प्रभाव पार्ला ?

कार्यहरु – बेवास्ता – धार्मिकता – आदानप्रदान – आफैलाई – परमेश्वर

**चिन्तन-मनन : (१० मिनेट)**

दिइएको खाली ठाउँमा “विश्वासद्वारा धर्मीकरण” सम्बन्धी आफ्नै परिभाषा लेख्नुहोस् ।

________________________________________

________________________________________

________________________________________

## नमूना ५ को लागि कार्य-योजना

नमूना ५मा जानुअघि कुनै अर्को व्यक्ति वा सानो समूहलाई विश्वासद्वारा धर्मीकरण विषयमा गहन बाइबल अध्ययनमा अगुवाइ गर्नुहोस्, र त्यसपछि त्यस व्यक्ति वा समूहलाई धर्मीकरण बारेमा आफ्नो परिभाषा लेख्न लगाउनुहोस् । उनीहरुले लेखेको परिभाषा अर्को तालिममा ल्याउनुहोस् ।

*विश्राम-समय (१५ मिनेट)*

# नेतृत्व बारे बाइबलीय सिद्धान्तहरु (६० मिनेट)

**नेतृत्वको परिभाषा (१० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु : भन्नुहोस्, :** "तपाईंको कार्य-पुस्तिकामा दिइएको खाली ठाउँमा सकेसम्म थोरै शब्दहरुमा 'नेतृत्व' शब्दको परिभाषा लेख्न केही समय छुट्याउनुहोस् ।"

**नेतृत्व बारे मेरो परिभाषा :**

___________________________________________

___________________________________________

___________________________________________

**भन्नुहोस्, :** "एक जना साथी छान्नुहोस् अनि नेतृत्वको परिभाषाहरु एक अर्कालाई सुनाउनुहोस् ।"

**वृहत समूहमा निम्न कुराहरु छलफल गर्नुहोस् ।**

- "नेतृत्व भनेको प्रभाव हो, अर्थात एउटा व्यक्तिले अर्को व्यक्तिलाई प्रभाव पार्न सक्ने खुबी वा क्षमता हो ।" (स्याण्डर्स, *आत्मिक नेतृत्व,* पृष्ठ-३१)
- "नेतृत्व भनेको एउटा गतिशील प्रक्रिया हो जसमा परमेश्वरद्वारा क्षमता पाएका पुरुष वा नारीले परमेश्वरका जनहरुलाई ती समूहको निम्ति परमेश्वरको उद्देश्यहरुतिर प्रभाव पार्दछन् ।" (क्लिन्टन, *नेतृत्व निर्माण,* पृष्ठ-१४; पृष्ठ-१२७ पनि हेर्नुहोस्)
- स्याण्डर्स र क्लिन्टनले दिएको नेतृत्व परिभाषाहरु बीच तुलना गर्नुहोस् ।
- नेतृत्व बारेमा एक-शब्दको परिभाषा सम्भवत नेतृत्व भनेको "प्रभाव" हो ।
- नेतृत्व भनेको "प्रभाव" हो भनी परिभाषित गर्नुका तात्पर्यहरु के होलान् ?
- तपाईंको मण्डलीमा वा सेवकाइमा मानिसहरु बीच प्रभाव पार्न सक्ने अगुवाहरु को को छन् ?

प्रभाव–परमेश्वरको–प्रभाव

**बाइबलीय नेतृत्वको सिद्धान्तहरु (५ मिनेट)**

"संसारिक अगुवाहरुले प्राय विचार गर्छन् कि "अगुवाहरुले आफ्नो सहयोगीहरुले गर्नुपर्ने कुराहरु तिनिहरुले गर्छन् भनी भरोसा गर्न सक्तैनन्" र "यदि तपाईंले मानिसहरुलाई साह्रै विश्वास गर्नुभयो भने उनीहरुले तपाईंको फाइदा उठाउँछन्" । अझ बढी संसारिक अगुवाहरुले विश्वास गर्छन् कि मानिसहरुलाई इनामद्वारा उत्प्रेरित गरिएमा वा सजायद्वारा डर देखाइएमा मात्र तपाईंले सोचेअनुसार मानिसहरुले काम गर्नेछन् । यी पूर्वाग्रहहरुको परिणाम स्वरुप, सांसारिक अगुवाले आफूले पाएको पदको आधारमा वा व्यक्तित्वको शक्ति मार्फत मात्रै अधिकार लिने गर्दछन् । सांसारिक अगुवापन गैर-आत्मिक जगत र मण्डली भित्र दुवै स्थानमा मौजुद हुन सक्तछ ।

| **शक्तिको सात स्रोतहरु** |
|---|
| यहाँ शक्तिको सात स्रोतहरु प्रस्तुत गरिएका छन् । सबै कुरा कसरी प्रयोग गरिन्छन् भन्ने कुरामा निर्भर भई असल र खराब दुवै बन्न सक्छन् तपाईंले आफूलाई कुनमा पहिचान गर्नुहुन्छ ?<br>• जिम्मेवारीको समयावधि/स्थायित्व–समयको आधारमा<br>• पद–व्यक्तिले पाएको दर्जाको आधारमा<br>• क्षमता–वरदानहरुका आधारमा<br>• डर–डर र इनामको आधारमा<br>• आदर–चरित्र र व्यक्तिको आधारमा<br>• जानकारी–पहुंच र ज्ञानको आधारमा<br>• सम्बन्ध–मित्रता वा सम्बन्धको आधारमा<br>डा. ल्यारी ओसबर्नद्वारा डक्टोरल कक्षामा सिकाइएको<br>"नेतृत्वमा सिर्जशीलता र नवीनता" बाट साभार |

**छलफल : (२५ मिनेट)**
**सहजकर्ताको लागि निर्देशनहरु :** क्रिस्चियन नेतृत्व र सांसारिक नेतृत्व बीच भिन्नता प्रस्तुत गर्ने उद्देश्यले छलफलमा अगुवाइ गर्न तल दिइएको सामाग्री प्रयोग गर्नुहोस् । दिइएका धर्मशास्त्रका खण्डहरु पढ्न र तीबाट नेतृत्वको सिद्धान्तहरु निकाल्न समय छुट्याउनुहोस् । छलफल अवधिमा सबै सहभागीहरुलाई तल दिइएको तालिकाहरु भर्न लगाउनुहोस् ।

पावलको समयमा मालिक र कमारा बीचको सम्बन्धलाई मध्यनजर गर्दा, एफिसी ६:९ ले हाम्रो अख्तियार मुनिका मानिसहरुलाई डर-धम्की देखाउने बारेमा के भन्दछ ?

माथि उल्लेख गरिएका शक्तिका स्रोतहरुअनुसार व्यवहार गर्ने अगुवाहरुद्वारा के तपाईं कहिल्यै आफू सिकार भएको अनुभव गर्नुभएको छ? यसले तपाईंलाई कति प्रभाव पार्‍यो?

______________________________________________

______________________________________________

______________________________________________

क. नेतृत्व गर्ने अधिकार परमेश्वरबाट आउँदछ।

परमेश्वरद्वारा स्थापित अधिकारको विषयमा निम्न पदहरुले के सिकाउँदछन् ?

- नागरिक सरकारमा वैधानिक अधिकार हुन्छ (रोमी १३:१-७, १ पत्रुस २:१३-१७)
- परिवार (एफिसी ५:२२-२५, ६:१-४)
- मण्डली (हिब्रू १३:१७)
- येशूको नमूना (यूहन्ना ८:२८-२९)
- क्रिस्चियन अगुवाहरु परमेश्वरद्धारा चुनिएका हुन्छन् (यूहन्ना १५:१६)

ख.क्रिस्चियन अगुवाहरुमा नम्र सेवकपनको गुण हुनुपर्दछ।

निम्न पदहरुमा उल्लेख गरिएको के कुराचाहिँ सेवकपनको विपरीत छ ? एउटा सम्भाव्य जवाफ हुन सक्छ–घमण्ड

- परमेश्वरले घमण्डीलाई घृणा गर्नुहुन्छ (हितोपदेश ६:१६-१७)
- येशूको नमूना (फिलिप्पी २:१-८;यूहन्ना १३:१५)

ग.क्रिस्चियन नेतृत्व होसियार अध्ययन र अभ्यासद्वारा विकास गर्दै लग्नु आवश्यक हुन्छ।

- परमेश्वरको वचन ठीकसित सिकाउने क्षमता विकास गर्नमा निरन्तर परिश्रम (२ तिमोथी २:१५)
- आफ्नै देहलाई नियन्त्रण गर्नु (रोमी ६:१३, १ कोरिन्थी ६:२०)
- सङ्कष्टमा धैर्यधारण गर्नु (याकूब १:१२)

परमेश्वर - नम्र सेवकपन - अध्ययन - अभ्यास

### *सांसारिक नेतृत्व र क्रिस्चियन नेतृत्व बीच भिन्नता*

| सांसारिक नेतृत्व | क्रिस्चियन नेतृत्व |
|---|---|
| स्व-विश्वस्त | परमेश्वरमा विश्वस्त |
| मानिसहरुलाई बुझ्दछ | परमेश्वर र मानिसहरुलाई बुझ्दछ |
| आफैले निर्णय गर्दछ | परमेश्वरको इच्छा खोज्दछ |
| महत्त्वकांक्षी | सेवक-झैं |
| आफ्नै तरिकाहरु विकास गर्दछ | परमेश्वरको तरिकाहरु खोज्दछ र पक्ष्याँउछ । |
| अरुहरुलाई आदेश दिन मन पराउँछ । | परमेश्वरको आज्ञापालन गर्नुमा आनन्दित हुँदछ |
| व्यक्तिगत चासोद्धारा अभिप्रेरित हुन्छ | परमेश्वर र मानिसप्रतिको प्रेमद्वारा अभिप्रेरित हुन्छ |
| आत्मनिर्भर | परमेश्वर-निर्भर |

**सोध्नुहोस्:** "जब मानिसहरुले 'स्वाभाविक अगुवा' बारेमा बोल्दछन्, के उनीहरुले प्रायःजसो 'सांसारिक अगुवा' वा 'क्रिस्चियन अगुवा' का विशेषताहरुलाई आधार बनाउँदछन् ?"

घ. बाइबलमा नेतृत्व शैलीको विविधता बारे वर्णन गरिएको छ ।

नयाँ नियम मण्डलीमा विभिन्न किसिमका नेतृत्व शैलीहरु रहेको कुरा एफिसी ४:११-१२ मा वर्णन गरिएको छ । ती नेतृत्व शैलीहरु एकदमै फरक-फरक प्रकृतिको भएपनि ती सबैले "परमेश्वरका जनहरुलाई सेवाको निम्ति तयार पार्ने" अथवा, अर्को शब्दमा भन्नुपर्दा, परमेश्वर लगायत एकआपसको सेवा गर्न परमेश्वरको जनहरुलाई सुसज्जित गर्ने काम गरेको देखिन्छ ।

*नयाँ नियम नेतृत्वको कार्यहरु*

| वरदान | सरोकार | कार्य |
|---|---|---|
| प्रेरित | दर्शन | प्रारम्भ गर्नु |
| अगमवक्ता | पाप | प्रचार गर्नु |
| प्रचारक | मुक्ति | सुसमाचार प्रचार गर्नु |
| पाष्टर | सेवा | आन्तरिक सेवा गर्नु |
| शिक्षक | सत्यता | सिकाउनु |

परमेश्वर–परमेश्वर–मानिसहरु–परमेश्वरको–सेवक–परमेश्वरको–परमेश्वरको–प्रेम–परमेश्वर

**सानो समूहमा छलफल : (५ मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** बोर्डमा नमूना १मा "मण्डली स्थापना चक्र"मा गरिएका क्रियाकलापको सूची टाँस्नुहोस् । क्रियाकलापहरु यस प्रकार छन् : प्रार्थना, सुसमाचार प्रचार गर्नु, चेला निर्माण गर्नु, एक ठाउँमा जम्मा हुनु, अगुवाहरु निर्माण गर्नु, बृद्धि हुनु र अभियान । त्यसपछि सा-साना समूहहरुमा (यदि कक्षा ठूलो भएमा) चक्रको प्रत्येक चरणको निम्ति आवश्यक पर्ने नयाँ नियमको नेतृत्वको कार्यहरुको बारेमा छलफल गर्नुहोस् ।

*बृहत समूह छलफलको निरन्तरता (५ मिनेट)

ङ. मण्डली नेतृत्वको प्राथमिक कार्य सुसज्जित गर्नु हो ।

एफिसी ४:११-१२ मा मण्डली नेतृत्वको प्राथमिक जिम्मेवारी के हो भनी देखाँउछ ?

***निर्देशन दिने तथा सहजकरणी गर्ने अगुवाहरु***

नोट : निर्देशनात्मक र सहजीकरण गर्ने नेतृत्व दुवै क्रिस्चियन सेवकाइमा प्रभावकारी हुन्छन् । सामान्यतया, दिइएको कार्यभारप्रति न्यून अनुभव भएका व्यक्तिहरुलाई नेतृत्व गर्नुपर्दा निर्देशनात्मक नेतृत्व प्रभावकारी हुन्छ । र सहजीकरण गर्ने नेतृत्वचाहिँ दिइएको कार्यभार सम्बन्धी पहिल्यै राम्रो ज्ञान तथा अनुभव भएका व्यक्तिहरुलाई नेतृत्व गर्दा प्रभावकारी हुन्छ । नेतृत्व-शैलीचाहिँ प्राय: गरी तत्काले वहन गरिने कार्य र त्यसमा संलग्न व्यक्तिको अनुभव तहअनुसार पृथक हुनसक्छ । यद्यपि, जुनसुकै किसिमको नेतृत्व-शैली भए पनि त्यसको भावनामा चाहिँ परमेश्वर र मानिसप्रतिको प्रेम झल्किएको हुनुपर्दछ ।

| **निर्देशकको रुपमा अगुवा** | **सहजकर्ताको रुपमा अगुवा** |
|---|---|
| कार्यमुखी अगुवा :<br>"काम सम्पन्न गराउने" | जनमुखी अगुवा :<br>"मानिसहरुलाई सहभागी गराउने" |
| कर्ता | जिम्मेवारी बाँड्ने |
| लक्ष्य :<br>"सेवाको काम गर्नु" | लक्ष्य :<br>"सेवाको निम्ति अरुहरुलाई सुसज्जित गर्नु " |
| कार्यमुखी | सुसज्जितकर्ता, निर्माणकर्ता, प्रशिक्षक |

**सहजकर्ताको लागि निर्देशनहरु : भन्नुहोस् :** "क्रिस्चियनहरुका निम्ति 'निर्देशनात्मक नेतृत्व वा 'सहजीकरण गर्ने नेतृत्व' बढी उपयोगी हुन्छ ?" कस्तो परिस्थितिमा निर्देशनात्मक नेतृत्व आवश्यक हुन्छ सो बारेमा कसैलाई एउटा उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् । अनि, कस्तो परिस्थितिमा चाहिँ सहजीकरण गर्ने नेतृत्व आवश्यक हुन्छ सो बारेमा अर्को व्यक्तिलाई एउटा उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् ।

## व्यक्तिगत चिन्तन-मनन (१० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरु :** तल दिइएका प्रश्नहरुको बारेमा सबै सहभागीहरुलाई चिन्तन-मनन गर्न र संक्षिप्त प्रतिक्रिया लेख्न लगाउनुहोस् । सबैले सिध्याइसकेपछि हरेक प्रश्नको केही उत्तरहरु सबै सहभागीहरुको सामु संक्षिप्त रुपमा बताउनुहोस् ।

- तपाईंको संस्कृतिमा मानिसहरु कसरी अगुवा बन्छन् ?

____________________________________________

____________________________________________

____________________________________________

- सबै अगुवाहरु सर्वप्रथम असल अनुयायी हुनु किन महत्त्वपूर्ण छ ?

____________________________________________

____________________________________________

____________________________________________

- "तपाईंको नेतृत्व गर्ने अधिकार परमेश्वरबाट आउँछ" भन्ने बुझाइले तपाईंको आफ्नो नेतृत्वप्रतिको दृष्टिकोणमा कसरी परिवर्तन ल्याउँछ ?

____________________________________________

____________________________________________

____________________________________________

- जन्मजात नेतृत्व क्षमता भएको नयाँ विश्वासीलाई मण्डलीमा नेतृत्व गर्न दिइएमा के कस्ता जोखिमहरु हुन्छन् ?

____________________________________________

____________________________________________

____________________________________________

- तपाईंलाई पाँचओटा नयाँ नियम नेतृत्वका कार्यहरुमध्ये कुनचाहिँ एकदमै स्वाभाविक लाग्छ ?

____________________________________________

____________________________________________

____________________________________________

- नेतृत्व सम्बन्धी बाइबलीय अवधारणाहरु नेतृत्व विषयक सांसारिक सिद्धान्तहरुभन्दा कसरी भिन्न छन् ?

____________________________________________

____________________________________________

____________________________________________

## घटना-अध्ययन (१० मिनेट)

**सहजकर्ताको निम्ति निर्देशनहरु :** सहभागीहरुलाई सा-सानो समूहहरुमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई गृहकार्यको रुपमा घटना-अध्ययनको लागि विषय दिनुहोस् । हरेक घटना-अध्ययनमा बाइबलीय सिद्धान्तहरु के के लागू गरिएका छन् वा के के सिद्धान्तहरु लागू गरिएका छैनन् सो कुरा समूहहका सदस्यहरुलाई लेख्न लगाउनुहोस् । हरेक घटनाक्रमको सन्दर्भमा विचार प्रस्तुत गर्न भनिएको खण्डमा अगुवालाई कसरी सल्लाह दिने भन्ने बारेमा समूहलाई निर्णय गर्न लगाउनुहोस् । यस सेसनलाई समापन गर्नको निम्ति सबै सहभागीहरुको सामु प्रत्येक सानो समूहलाई आफूले गरेको गृहकार्यको बारेमा बताउन लगाउनुहोस् अनि प्रत्येक समूहको प्रतिक्रिया बारे संक्षिप्त छलफलमा अगुवाइ गर्नुहोस् । नोट : दिइएका सबै घटना-अध्ययनहरु प्रयोग गर्नु अनिवार्य हुँदैन । तपाईंको सहभागी समूह जति छन्, तिनलाई उपयुक्त हुने गरी समूहको सङ्ख्याअनुसार आवश्यक संख्यामा घटना-अध्ययनहरु प्रयोग गर्नुहोस् ।

१. योसेफले काकडभित्तामा मण्डली स्थापना परियोजनाको नेतृत्व गरिरहेका छन् । सारा र रुथचाहिँ तीन महिनाको लागि त्यस टोलीको सदस्य भएका छन् । सारा र रुथले केही समयदेखियता त्यस सेवकाइमा एकदमै धेरै खिन्नता बोध गर्न थाले । उनीहरुसित सुसमाचार प्रचार सम्बन्धी केही राम्रा सोचइहरु थिए तर उनीहरुले ती सोचाइहरु व्यक्त गर्न स्वतन्त्रता महशूस गरेनन् । उनीहरुका अगुवा योसेफ उनीहरुको विचारहरु सुन्न अनिच्छुक देखिन्छ । बरु योसेफले उनीहरुलाई तिमीहरुले यो गर्नुपर्छ र यसरी गर्नुपर्छ भनेर भन्छ । परिणामस्वरुप, सारा र रुथले त्यस सेवकाइलाई छोड्ने र स्वतन्त्र भई आफ्नै किसिमले सेवकाइ शुरुवात गर्ने सोचाइ राख्दछ । **योसेफको नेतृत्वलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

२. रबिनले मनहरामा तीन दम्पतिहरुको टोलीलाई मण्डली स्थापना कार्यमा नेतृत्व गरिरहेको छ । रबिनले हरेक शनिवार आराधना सेवामा अत्यन्तै सुन्दर वचन प्रचार गर्छ । उनले हप्तामा एक पटक सानो समूहको अगुवाइ गर्दछ, त्यसमा विश्वासीहरु बढेर २० जना जति भएका छन् । सबै जनाले रबिनको वचन सिकाउने र प्रचार गर्ने खुबी साथै विविध स-साना कार्यक्रमहरु आयोजना गरिरहने क्षमतालाई मन पराउँछन् । यद्यपि, कार्यभारले गर्दा रबिनले थकित अनुभव गर्न थालेका छन् । रबिनले टोलीको सदस्य मनिषलाई आफ्नो सानो समूहको केही व्यक्तिहरु लिएर नयाँ सानो समूह शुरु गर्न अनुरोध गर्दछन् । तर मनिषले रबिनको भनाइमा केही पनि रुचि नदेखाएकोले उनको कुरा मनिषलाई पटक्कै उत्साहजनक लाग्दैन । **रबिनले मनिषलाई कसरी जिम्मेवारी हस्तान्तरण गरे, सो मूल्याङ्कन गर्नुहोस् ।**

३. काठमाण्डौ दक्षिणी क्षेत्रमा नयाँ मण्डली तीव्र गतिमा बृद्धि भइरहेको छ । धेरै जना व्यक्तिहरुले अजय र अनिताको उत्कृष्ठ नेतृत्वको कारणले मण्डली त्यसरी बृद्धि

भएको हो भन्ने गर्दछन् । अजयले फिलिपिन्सबाट सेमिनारी डिग्री हासिल गरेर फर्केपछि अजय र अनिताले मण्डली शुरु गरे । मण्डलीमा सहभागी अधिकांश विश्वासीहरु मण्डलीको विषयमा केही पनि थाहा नभएका नयाँ विश्वासी थिए । अजयले धेरैजसो वचन प्रचार गर्दछन् भने अनितालेचाहिँ बालसँगति संचालन गर्दछिन् । मण्डली बृद्धि हुँदैगएपछि अजयले मण्डलीको सेवामा आफूलाई सहायता पुऱ्याउन केही नयाँ अगुवाहरुमाथि नजर लगाएका छन् । तर कोही पनि नेतृत्व गर्न योग्य देखिन्न । अजयले मण्डलीको नेतृत्वको निम्ति तालिम दिन सकिने तीन जना व्यक्तिहरु पाएकोमा आफूलाई धन्यको ठान्दछन् । दुई जना व्यक्तिहरुलाई फिलिपिन्सको सेमिनारीमा पठाउन अजयले छात्रावृति खोजिदिए । तीन वर्षे कार्यक्रममा सहभागी हुन दुई जना व्यक्तिहरुले शरद ऋतुमा घर छाड्दैछन् । **नेतृत्व विकासमा त्यस्तो किसिमको तरिकालाई तपाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

४.आकाश उत्तरी भारतको सुसमाचारवादी मण्डली नभएको सानो गाउँमा बस्दछन् । आकाशले विभिन्न ठाउँहरुदेखि धेरै जना विश्वासीहरु मण्डलीमा आउँदारहेछन् भनी थाहा पाए । कतिपय त ३० किलो मिटरभन्दा टाढादेखि मण्डलीमा आउँदारहेछन् भन्ने कुरा हालसालै थाहा पाएका छन् । आकाशको नेतृत्वमा विश्वासीहरु नयाँ मण्डलीको रुपमा संगठित भए । जब विश्वासीहरु जम्मा हुन्छन्, सबै उनीहरु स्थानीय मण्डलीको बारेमा उत्साहित हुने गर्दछन् । विश्वासीहरुले आ-आफ्नो पुरानो मण्डलीको अनुभवको आधारमा मण्डली यसरी संगठित हुनुपर्दछ भनी आ-आफ्ना विचारहरु आदनप्रदान गर्दछन् । तर आकाशले स्पष्ट रुपमा भन्दछन्, “म पाष्टर बन्नेछु र तपाईंहरुले चाहिँ आफ्नो पुरानो मण्डलीका परम्परा तथा अभ्यासहरु बिर्सनु पर्दछ किनकि पाष्टरको रुपमा म यस मण्डलीको मुख्य व्यक्ति हुँ ।” **तपाईंको विचारमा आकाशको त्यो दृष्टिकोणले कस्तो प्रतिफल ल्याउला ?**

५.जनार्दनले नुवाकोटमा तीन ओटा मण्डलीहरु स्थापना गरेका छन् । जनार्दन स्वाभाविक मण्डली स्थापक हुन् । उनी प्रचारकको रुपमा वरदान पाएका एकदमै जागरुक र बर्हिमुखी छन् । उनी गितार बजाएर गीत गाउँदछन् साथै श्रोताहरुलाई घण्टौंसम्म मनोरञ्जन दिन सक्छन् । उनले शुरु गरेका मण्डलीहरुमा उनको व्यक्तित्व झल्किएको आभास हुन्छ । शुरु-शुरुमा श्रोताहरु अत्यन्तै उत्तेजित हुन्छन् तर अझै रमाइलो लाग्दालाग्दै उनीहरु चाँडै निराश हुन थाल्छन् । जनार्दनले भन्ने गर्दछन्, “मेरो व्यक्तित्व यस्तै छ । यस व्यक्तित्वलाई परिवर्तन गर्न सक्ने कुरा मसित केही पनि छैन ।” तर यस्तो व्यक्तित्व हुँदाहुँदै पनि परमेश्वरले मलाई चलाइरहनुभएको छ भन्ने कुरा उनलाई थाहा छ । **जनार्दनको नेतृत्वलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

६. धेरै वर्षदेखि जनक मण्डली स्थापनाको निम्ति पोखरामा खटिरहेका छन् । मण्डली निकै राम्ररी अघि बढिरहेको छ । तीन वर्षभित्रमा मण्डलीमा लगभग ३०० विश्वासीहरु बढेका छन् । उनकी श्रीमती र उनका नानीहरुले कतिपय समयमा त धेरै दिनसम्म उनलाई देख्न पाउँदैनन् किनकि उनी एकाबिहानै घर छोड्छन् र राती अबेला घर फर्किन्छन् । जनकलाई त्यस्तो जीवन जिउन त मन छैन तर उनका विश्वासीहरु चर्को समस्यादेखि गुज्रिरहेका छन् । धेरैजसो विश्वासीहरु बिरामी छन्, उनीहरुलाई भेट्नु जरुरी हुन्छ । घर नभएकाहरुलाई निरन्तर हेरचाह गरिरहनुपर्दछ । यदि मैले यस्तो सेवा गर्न छाडें भने मेरो सेवकाइमा समस्या आइपर्नेछ, मानिसहरु बचाइने छैनन्, त्यसपछि मण्डली बृद्धि हुनेछैन भन्ने कुरा जनकलाई थाहा छ । **तपाईंको विचारमा के जनक एकजना असल अगुवा हो ? किन हो वा किन होइन ?**

# सुसमाचार प्रचार र मण्डली स्थापना (६० मिनेट)

## नमूना-४ कार्य-योजना सम्बन्धी प्रतिवेदन (३० मिनेट)

**सहजकर्ताको निम्ति निर्देशनहरु :** सहभागीहरुलाई ३/३ वा ४/४ जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक सहभागीलाई मण्डली स्थापना कार्यमा आ-आफ्नो दर्शन, मिशन, मूल्य-मान्यता र रणनीति संशोधन गर्नको निम्ति सहायता गर्ने पाष्टर, मण्डली, साथै अरु व्यक्तिहरुसित काम गर्दाको व्यक्तिगत अनुभव बाँड्न लगाउनुहोस् । कुन कुरालाई समर्थन गरियो र किन ? के के कुरामा संशोधन गरियो र किन ? सहभागीहरुलाई स-साना समूहमा गरिएका छलफलहरु सबैको सामु छोट्करीमा बताउन लगाउनुहोस् ।

## मण्डली स्थापकहरुका निम्ति सुसमाचार प्रचारको ५वटा सिद्धान्तहरु (२० मिनेट)

**सहजकर्ताको निम्ति निर्देशनहरु :** तल दिइएको सामाग्री प्रयोग गरेर मण्डली स्थापकहरुका निम्ति सुसमाचार प्रचारको सिद्धान्तहरु बारेमा सबैलाई छलफलमा सहभागी गराउनुहोस् । सहभागीहरुलाई उनीहरुको आफ्नो कार्य-पुस्तिकामा दिइएका रुपरेखाहरुमा भर्न लगाउनुहोस् ।

क. मानिसहरुको माझ प्राकृतिक सम्बन्धहरुको प्रयोग गर्नुहोस् ।

- येशू प्रभुले आफ्ना चेलाहरुलाई बोलाउनुहुँदा कस्तो सम्बन्धकोसञ्जालहरु प्रयोग गर्नुभयो ? यूहन्ना १:४०-४१,४:२८-३०, लूका ८:३८-३९

ख. नयाँ विश्वासीहरुले तुरुन्तै साक्षी दिन्छन् ।

- नयाँ विश्वासीहरु किन प्रभावकारी सुसमाचार प्रचारक हुन्छन् ? तपाईंको आफ्नो धारणा र छलफल गर्नुपर्ने केही जबाफहरु :

१. उनीहरुको विश्वास ताजा हुन्छ ।
२. नयाँ विश्वासीहरुसित अझै पनि उनीहरुमा भएको जीवन परिवर्तनलाई देख्ने गैर ईसाइ साथीहरु हुन्छन् ।

ग. द्वारपालहरुकहाँ जानुहोस् ।
द्वारपालेहरु को हुन् ?
अरुहरुमाथि प्रभाव पार्न सक्ने वा अख्तियार भएका मानिसहरुलाई "द्वारपाले"को रुपमा लिइन्छ किनकि उनीहरुले खीष्टलाई ग्रहण गरेमा अरु व्यक्तिहरुको निम्ति खीष्टलाई ग्रहण गर्ने ढोका खुल्न सक्दछ ।
उनीहरुलाई सुसमाचार सुनाउन किन अतिरिक्त प्रयास गर्नुपर्छ त ? अन्य सहभागीहरुसित यस बारेमा छलफल गर्नुहोस् :

प्राकृतिक सम्बन्ध–तुरुन्तै–द्वारपालेहरु

- प्रभावशाली व्यक्तिहरुले ख्रीष्टलाई विश्वास गर्न समय लाग्न सक्छ, तरैपनि उनीहरुले सुसमाचारको निम्ति पार्ने दीर्घकालीन प्रभाव झनै ठूलो हुनसक्छ । धर्मशास्त्रका यी खण्डहरुबाट “द्वारपाले” को को रहेछन्, उल्लेख गर्नुहोस् । (प्रेरित १६:११-१५,१७:१-९,१८:७-८)

घ. सांस्कृतिक बाधकहरु विचार गर्नुहोस् ।
मानिसहरुले कसरी सांस्कृतिक बाधकहरुलाई पार गर्दछन् ? किन त्यस्तो हुन्छ ?
तपाईंले सुसमाचारद्वारा जित्न चाहेका मानिसहरुलाई सुहाँउदो मण्डली कसरी स्थापना गर्न सक्नुहुन्छ ? (१ कोरिन्थी ९:२०-२३)

ङ. साझा धरातल खोज्नुहोस् ।
विश्वासी र गैर-विश्वासीहरुका निम्ति साझा गतिविधिहरु के के होलान् ?

## नमूना ५को लागि कार्य-योजना (१० मिनेट)

नमूना ५मा जानुअघि तपाईंको नयाँ मण्डली स्थापनाको निम्ति बनाउनुभएको गुरु योजना एक ठाउँमा राख्नलाई तल दिइएको मेरो मण्डली स्थापना गुरु योजना खाका प्रयोग गर्नुहोस् । मण्डली स्थापकहरुले नमूना ५ अगावै यस योजनालाई अनुमोदन गर्न आ-आफ्नो दाता मण्डली र पाष्टर वा मार्गनिर्देशकसित भेट्नुपर्दछ ।

**मण्डली स्थापना गुरु योजना**

**को लागि**

____________________________________________

(लक्षित जाति समूह वा वर्ग,जनसङ्ख्या, वा भौगोलिक स्थानको नाम)

**तयार गर्ने व्यक्ति**

____________________________________________

(तपाईंको नाम)

**अनुमोदन तथा सहयोग गर्ने व्यक्ति**

____________________________________________

(तपाईंलाई सहायता गर्ने पाष्टर तथा मार्गनिर्देशकको नाम )

____________________________________________

(तपाईंलाई सहायता गर्ने पाष्टर तथा मार्गनिर्देशकद्वारा अनुमोदन गरिएको मिति)

**१. अनुसन्धान : मेरो लक्षित समूह, जनसङ्ख्या वा क्षेत्रको बारेमा परमेश्वरले मलाई देखाउनुभएको कुरा**

क. सामान्य वर्णन

____________________________________________

____________________________________________

____________________________________________

ख. पत्ता लगाइएका सुसमाचारीय अवसरहरु वा सुसमाचारका खुला ढोकाहरु :

____________________________________________

____________________________________________

____________________________________________

ग. सुसमाचारका बाधाहरु र तीमाथि विजय हुन सकिने उपायहरु :

घ.मेरो मण्डली स्थापना प्रयासको विषयमा जानकारी दिने महत्वपूर्ण तथ्यहरुः.

क.
ख.
ग.
घ.
ङ.

**२. दर्शन कथन**

दर्शन घोषणालाई पुष्टि गर्ने बाइबल सन्दर्भ :

**३. मिशन घोषणा**

मिशन घोषणालाई पुष्टि गर्ने बाइबल सन्दर्भ :

**४. मूल्य-मान्यता घोषणा**

मूल्य-मान्यता घोषणालाई पुष्टि गर्ने बाइबल सन्दर्भ :

________________________________________

________________________________________

________________________________________

**५. रणनीतिक योजना**

**क. प्रार्थना :**

क. ____________________

ख. ____________________

ग. ____________________

घ. ____________________

ङ. ____________________

**ख. सुसमाचार प्रचार**

क. ____________________

ख. ____________________

ग. ____________________

घ. ____________________

ङ. ____________________

**ग. चेलापन**

क. ____________________

ख. ____________________

ग. ____________________

घ. ____________________

ङ. ____________________

**घ. सङ्गति (एक ठाउँमा भेला हुनु)**

क. ____________________

ख. ____________________

ग. ____________________

घ. ____________________

ङ. ____________________

**ङ . नेतृत्व विकास**

क. ____________________

ख. ____________________

ग. ____________________

घ. ____________________

ङ. ____________________

**च. आराधना :**

क.
ख.
ग.
घ.
ङ.

**छ. सेवा**

क.
ख.
ग.
घ.
ङ.

**ज. आत्मिक गुणन (मिशन)**

क.
ख.
ग.
घ.
ङ.

यहाँ लेखिएको हस्ताक्षर र मितिले सहयोग गर्ने मण्डली र पाष्टर तथा मार्गनिर्देशकद्धारा मण्डली स्थापना योजना स्वीकृति भएको छ भनी पुष्टि गर्दछ।

सहायता गर्ने मण्डलीको पाष्टरको हस्ताक्षर वा तपाईको मेन्टोर र स्वीकृत भएको मिति

पाष्टर

बिऊ छर्ने

मण्डली प्रतिनिधि

**दिवा खाना (६० मिनेट)**

# सानो झुण्ड शुरुवात गर्नु (६० मिनेट)

**शिक्षण र छलफल (२० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** स-साना झुण्डहरु शुरुवात गर्ने विषयमा सबै सहभागीहरुलाई अगुवाइ गर्न तल दिइएको सामाग्रीलाई प्रयोग गर्नुहोस् । सहभागीहरुलाई छलफल अवधीमा उनीहरुको आ-आफ्नो कार्य-पुस्तिकामा दिइएको रुपरेखा भर्न लगाउनुहोस् ।

सानो झुण्ड शुरुवात गर्नमा निम्न प्रस्तुत बुँदाहरु किन महत्त्वपूर्ण हुनेछन् सो बारेमा मनन गर्न सहभागीहरुलाई अगुवाइ गर्नुहोस् :

१. नयाँ सानो समूह तयार गर्नुहोस् ।
   क. प्रार्थना समूह खडा गर्नुहोस् (एफिसी ६:१९, १ थेसलोनिकी ५:२५)
   ख. नेतृत्व टोली खडा गर्नुहोस् (लूका १०:१)
   ग. आफ्नो लक्षित क्षेत्रको अनुसन्धान गर्नुहोस् ।

२. सम्पर्क व्यक्तिहरु तयार पार्नुहोस् ।
   क. तपाईंको लक्षित श्रोता को हुन् ?
   ख. उनीहरुसित तपाईले कसरी सम्बन्ध स्थापित गर्नुहुन्छ ?

३. स्थान छान्नुहोस् ।
   क. तपाईंको सानो समूहलाई भेटघाट गर्नको निम्ति उपयुक्त स्थान छान्नुहोस् ?

४.पहिलो भेटघाटको निम्ति तयारी गर्नुहोस् ।
   क. क्रिस्चियन साक्षी नभएको क्षेत्रमा तपाईंले मण्डली स्थापनाको “शुरुवात” गर्नुपर्दा के के असाधारण समस्याहरु आउलान् ?
   ख.ती समस्याहरु माथि विजयी हुन के के गर्न सकिएला ?
   ग. तपाईंको आफ्नो सानो समूहमा कुनै एक जना विश्वासी छ जो नचिनेका मानिसहरुलाई घरमा स्वागत गर्न डराउँदछ,त्यस्तो व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

तयार–प्रार्थना समूह –नेतृत्व टोली–अनुसन्धान–सम्पर्क व्यक्तिहरु–श्रोताहरु–सम्बन्ध–स्थान–उपयुक्त–तयारी

**सानो झुण्ड योजना कार्य-तालिका (४० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** सहभागीहरुलाई सानो झुण्ड भेटघाटको खाका कोर्नको निम्ति सानो झुण्ड योजना कार्य-तालिका प्रयोग गर्न लगाउनुहोस् । सहभागीहरुको कार्य-पुस्तिकामा भएका कार्य-तालिकाको पाना सफा रहोस् भन्ने हेतुले संभव भएसम्म कार्य-तालिका पानाको फोटोकपी दिनुहोस् । अतिरिक्त सानो झुण्ड भेटघाट योजनाको निम्ति फोटोकपी गर्न सहभागीहरुले कार्य-तालिको सफा पाना प्रयोग गर्न सक्नेछन् ।

१. योजना बनाउँदा तपाईंलाई कुन पक्ष वा भाग सबैभन्दा सजिलो लाग्यो ? किन ?
२. योजना बनाउँदा तपाईंलाई कुन पक्ष सबैभन्दा गाह्रो लाग्यो ? किन ?
३. गीत गाउन इच्छुक र सक्षम व्यक्ति सानो झुण्डमा पाउनुभएन भने तपाईं के गर्नुहुन्थ्यो होला ?
४. सानो समूह भेटघाटको के के पक्षहरुचाहिँ उत्कृष्ट हुनेछन् भनी तपाईं अपेक्षा गर्नुहुन्छ ? वर्णन गर्नुहोस् ।
५. के के पक्षहरु कमजोर होलान् भन्ने तपाईं अपेक्षा गर्नुहुन्छ ?

***सानो झुण्ड योजना कार्य-तालिका***

| |
|---|
| भेटघाटको मिति र समय : ____________________<br>स्थान र आयोजक : ____________________ |
| **सङ्गति** |
| खाजा : ____________________<br>गतिविधिहरु, खेलहरु : ____________________ |
| **आराधना** |
| गायन अगुवा: ____________________ |
| **प्रार्थना** |
| प्रार्थना: ____________________ |
| **बाइबल छलफल** |
| छलफल अगुवा: ____________________<br>धर्मशास्त्र खण्ड: ____________________ |
| **सेवकाइ दर्शन** |
| बाँड्चुड समय: ____________________<br>क्रियाकलापहरु:: ____________________ |

**सहजकर्ताको निम्ति निर्देशनहरु :** सेसनको आन्तिम १० मिनेटमा व्यक्तिगत योजना गतिविधि बारे प्रश्न गर्न निम्न प्रश्नहरु प्रयोग गर्नुहोस् ।

## सोच्न पर्ने कुराहरु :

- तपाईंको सिकारु अगुवा को हो ?
- तपाईंको झुण्डमा भएका हरेक सदस्यलाई कसले चेलाको रुपमा निर्माण गर्दैछ ? (तपाईंले कसलाई चेला बनाउँदै हुनुहुन्छ ?)
- तपाईंको सिकारु अगुवामा नेतृत्व विकास होस् भनी कसरी सहायता पुऱ्याइरहनुभएको छ ? उसलाई/उनलाई सेवकाइको जिम्मेवारीहरु कसरी दिइरहनुभएको छ ? उसलाई/उनलाई सेवकाइमा कसरी नमूना प्रस्तुत गरिरहनुभएको छ ?
- के तपाईंको सानो समूहमा भएका प्रत्येक सदस्यको निम्ति प्रार्थना गरिरहनुभएको छ ?

# सुसमाचार प्रचार र सामुदायिक आवश्यकता पूरा गर्नु (६० मिनेट)

**सेवा र सुसमाचार प्रचार बीच तीन किसिमका सम्बन्धहरु (१० मिनेट)**

१. सुसमाचार प्रचारको **परिणाम** स्वरुप सेवकाइ : खीष्टमा परिवर्तनले अरुहरुका आवश्यकताप्रति हामीलाई विचारशील बनाउनुको साथै ती आवश्यकताहरु पूरा गर्न हामीलाई इच्छुक तुल्याउँदछ ।

________________________________________

________________________________________

________________________________________

२. सुसमाचार प्रचारको खातिर **पुलको** रुपमा सेवकाई : अरुहरुप्रति गरिने सेवा मानिसहरुलाई कालान्तरमा सुसमाचार सुन्न इच्छुक तुल्याउने शुरुआत बिन्दुको रुपमा

________________________________________

________________________________________

________________________________________

३. सुसमाचार प्रचारलाई **सहयोगी** सेवकाइ : सेवा गर्ने क्रममा येशूको बारेमा बताउनु

________________________________________

________________________________________

________________________________________

**सहजकर्ताको निम्ति निर्देशन :** सहभागीहरुलाई तीन समूहहरुमा विभाजन गर्नुहोस् । कोठाका तीन ओटा फरक फरक भित्ताहरुमा पोष्टर साइजको पेपर टाँस्नुहोस् । पेपर–१ लाई "परिणामहरु", पेपर–२ लाई "पुल" अनि पेपर–३ लाई "सँगसँगै जानु" भनी नामाकरण गर्नुहोस् । हरेक समूहलाई एक-एक ओटा पेपर गृहकार्यको रुपमा दिनुहोस् । समूहलाई आ-आफ्नो पोष्टर भएको ठाउँमा गएर सेवा र सुसमाचार प्रचार गतिविधिहरु बीच तिनको सम्बन्ध बारे संझेजति सोच विचार गर्न लगाउनुहोस् ।

परिणाम – पुल – सहयोगी

१० मिनेटपछि समूहहरुलाई घडीको सूई घुम्ने दिशालाई पक्ष्याएर अर्को पोष्टरमा जान लगाउनुहोस् अनि त्यसपछि अघिल्लो समूहले गरेको गृहकार्यमा थपथाप गर्ने कार्य गर्न लगाउनुहोस् । तीनै ओटा पोष्टरहरुमा हरेक समूहले केही न केही योगदान नपुऱ्याएसम्म १०/१० मिनेटको दरले घुमिरहन लगाउनुहोस् । बाँकी १० मिनेट समय गतिविधिहरुको बारेमा ठुलो समूहमा वर्णन गर्न प्रयोग गर्नुहोस् । बाँकी समयचाहिँ सहभागीहरुलाई पोष्टरमा फर्केर जान भन्नुहोस् अनि उनीहरुलाई मण्डली स्थापनाको परिस्थितिमा उपयोगी लागेका बुँदाहरु उनीहरुको आफ्नो पुस्तिकामा दिइएको खाली ठाउँमा लेख्न लगाएर कक्षा समापन गर्नुहोस् ।

विश्राम समय (१५ मिनेट)

# गहन बाइबल अध्ययन विधिहरु ३ : परमेश्वरको वचनको व्याख्या गर्नु :
**(६० मिनेट)**

**पुन अवलोकन (१५ मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** तल दिइएको रुपरेखा प्रयोग गरी सहभागीहरुलाई गहन बाइबल अध्ययन प्रक्रियाको तीन चरणहरु स्मरण गर्न भन्नुहोस् ।
(नमूना–१ बाट)

क. अवलोकन – यसले के कुरालाई बताउने गर्दछ ?
खः व्याख्या – यसले भन्न खोजेको अर्थ के हुन्छ ?
ग. उपयोगीता– मैले के गर्नुपर्छ ?

**सहजकर्ताको लागि निर्देशनहरु** : सहभागीहरुलाई तल दिइएको रुपरेखा प्रयोग गरी गहन बाइबल अध्ययनको अवलोकन चरणको आधारभूत खुड्किलाहरु स्मरण गर्न लगाउनुहोस् ( नमूना–२ बाट ) ।

क. अवलोकनको तयारी गर्नु ।
ख. पर्याप्त समय लिनु ।
ग. सन्दर्भ ( वा परिस्थिति) नियाल्नु ।
घ. संरचनालाई जाँच्नु ।
ङ. खोजमूलक  प्रश्नहरु सोध्नुहोस् ।

**प्रस्तुति (१५ मिनेट)**
**सहजकर्ताको लागि निर्देशनहरु :** शिक्षण ढाँचा प्रयोग गरी गहन बाइबल अध्ययनको व्याख्या चरणसँग सम्बन्धित निम्न रुपरेखा पूरा गर्न सहभागीहरुलाई अगुवाइ गर्नुहोस् ।

१.**व्याख्या**–गहन अध्ययन विधिको दोस्रो चरण

२.**गहन अध्ययन** प्रक्रिया

क.दिइएको वा पढिएको खण्डका महत्त्वपूर्ण अवलोकन तथ्यहरु माथि मनन गर्नुहोस् ।
ख.लेखकको मूल आशय पत्ता लगाउनुहोस् ।
ग.दिइएको खण्डमा विचारको प्रवाह पत्ता लगाउनुहोस् ।

बताउने– भन्न खोजेको अर्थ - के गर्नुपर्छ -तयारी गर्नु– समय - सन्दर्भ– संरचना - खोजमूलक–व्याख्या–गहन अध्ययन–तथ्यहरु–मूल आशय–विचारको प्रवाह

३. **व्याख्याका आधारभूत नियमहरु**

१. बाइबलीय व्याख्याको सामान्य सिद्धान्तहरु

क. बाइबल परमेश्वरको आधिकारिक वचन हो ।

ख. बाइबल परमेश्वरको चरित्र प्रतिविम्बित गर्ने आफैमा उत्कृष्ट व्याख्याकर्ता हो ।

ग. धर्मशास्त्र बुझ्नको निम्ति उद्धारको विश्वास र पवित्र आत्मा आवश्यक हुन्छन् ।

घ. तपाईले धर्मशास्त्रको प्रकाशमा इतिहास, कार्य, प्रवृति, व्यक्तिगत अनुभव,आदिलाई व्याख्या गर्नुपर्ने हुन्छ ।

ङ. बाइबलको प्राथमिक उद्देश्य हाम्रो ज्ञान बढाउनु होइन तर हाम्रो जीवन परिवर्तन गर्नु हो ।

च. हरेक विश्वासीले पवित्र आत्माको सहायताद्वारा परमेश्वरको वचन अध्ययन तथा व्याख्या गर्ने अधिकार, जिम्मेवारी र सुअवसर पाएको हुन्छ ।

२.बाइबलीय व्याख्याको व्याकरणीय, ऐतिहासिक र ईश्वरशास्त्रीय सिद्धान्तहरु

क.तपाईंले लेखकको ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भसित जोडेर वचनको अर्थ व्याख्या गर्नुपर्दछ । मूल श्रोताहरुले सन्देश कसरी बुझे र कसरी प्रतिक्रिया जनाए होलान् भन्ने विषयमा सधैं विचार गर्नुहोस् ।

ख.बाइबलीय खण्डमा सिकाउन खोजिएको धर्मशास्त्रीय सत्यता बुझ्न कोसिस गर्नुअघि त्यस खण्डको व्याकरण बुझ्नु महत्त्वपूर्ण हुन्छ ।

ग.सामान्यतया आलाङकारिक भाषामा एउटा मूल बुँदा हुने गर्दछ । विचार प्रवाह गर्न प्रयोग गरिएका चित्रहरु र सङ्केतहरुमा धेरै कुराहरु पढ्ने कोसिस नगर्नुहोस् ।

घ.धर्मशास्त्रले जति स्पष्ट बनाइदिएको छ, त्योभन्दा बढी तपाई स्पष्ट हुनु जरुरी हुँदैन । बाइबलले बताएको कुरामा आफ्नो विचार वा मण्डलीको परम्परा नथप्नुहोस् किनकि तपाईं वा अरु व्यक्तिहरुले थपिएका विचारहरुलाई यी त साँच्चिकै धर्मशास्त्रको विचारहरु हुन् भनी विश्वास गर्न सक्छन् ।

३. रोक्नुपर्ने साझा व्याख्यात्मक त्रुटीहरु

क.लचकदार तख्ता : एउटा खण्डदेखि अर्को विचारतिर हाम फाल्नु वा तपाईंलाई छलफल गर्न मन लागेको विषय सिकाउनु ।

ख.रुपक : धर्मशास्त्रले बताएको स्पष्ट अर्थलाई बेवास्ता गर्नु र लुकेको अर्थ खोज्नतिर लाग्नु ।

ग. क्रमिक प्रकाश लाई ईन्कार गर्नु : धर्मशास्त्रको क्रमिक विकासको विशेषतालाई बिर्सनु ।

नियम–सिद्धान्तहरु–आधिकारिक - व्याख्याकर्ता – पवित्र आत्मा–धर्मशास्त्र–परिवर्तन–पवित्र आत्मा–अधिकार–जिम्मेवारी–सुअवसर–व्याकरणीय–ऐतिहासिक–ईश्वरशास्त्रीय–ऐतिहासिक–सांस्कृतिक–मूल–व्याकरण–एउटा -नथप्नुहोस्–त्रुटीहरु –लचकदार तख्ता–रुपक–क्रमिक प्रकाशलाई बेवास्ता गर्नु

**सानो झुण्ड उपयोगीता (३० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** सहभागीहरुलाई स-सानो समूहमा विभाजन गर्नुहोस् र तल दिइएको व्याख्या अभ्यास क्रियाकलाप पूरा गर्न लगाउनुहोस् । प्रत्येक समूहमा एक-एक जनालाई बाइबल अध्ययनमा सहजकर्ताको रुपमा सहायता पुऱ्याउन अनुरोध गर्नुहोस् । समूहलाई बाइबल अध्ययनमा क्रियाशील बनाइरहनुचाहिँ सहजकर्ताको भूमिका हो । समयले भ्याएमा अनुभव बताउनुहोस् ।

**समूहका निम्ति निर्देशनहरु :** नमूना–२ मा पूरा गरिएको यर्मिया १ मा तपाईंले गर्नुभएका अवलोकनहरुतिर फर्कनुहोस् । समयले भ्याएमा व्याख्या प्रक्रिया अनुसार अगाडि जानुहोस् ।

१. खण्डमा गरिएको खास अवलोकनहरु पत्ता लगाउनुहोस् ।
२. मूल बुँदा उल्लेख गर्नुहोस् ।
३. विचारको प्रवाहको बारेमा वर्णन गर्नुहोस् ।
४. केही "अर्थ दिने" प्रश्नहरुमा मनन गर्नुहोस् ।

माथि दिइएको भनाइहरुलाई मनन गर्दाखेरि खण्डको अर्थको बारे निम्न प्रश्नहरु विचार गर्नु उपयोगी हुन सक्छ । संभवतः तपाईंले अरु राम्रा वा अझै उत्तम प्रश्नहरु सोच्न सक्नुहुन्छ । प्रक्रिया शुरु गर्न खण्डहरु दिइएका छन् ।

**पद ५**

परमप्रभुले यर्मियालाई "जान्नुहुन्थ्यो" भन्नुको अर्थ के हो ? "अलग गर्नु" को अर्थ के हो ?
"...तँ जन्मनुभन्दा अघि नै मैले तँलाई अलग गरें..." भन्ने भनाइको निहित अर्थहरु के के हुन् ?

**पद ६**

यर्मियाले आफूलाई किन "बालक" को रुपमा ठाने होलान् ?
तपाईंको विचारमा यर्मियाले किन त्यसरी प्रतिक्रिया जनाएका होलान् ?

**पद ७**

तपाईंले यस पदमा देख्नुभएअनुसार परमेश्वरको बोलावटलाई तपाईंले कसरी वर्णन गर्नुहुन्छ ?
तपाईंले अघिल्लो प्रश्नमा दिनुभएको जबाफले परमेश्वर र उहाँको चरित्र बारेमा के भन्दछ ?

**पद ८**

यर्मियाको भावी सेवकाइप्रति मानिसहरुले जनाएको प्रतिक्रिया बारे परमेश्वरको वचनले के भन्दछ ?
यर्मियाले आफ्ना शत्रुहरुलाई सामना गर्ने प्रेरणाचाहिँ के हो ?

**पद ९**

परमेश्वरले आफ्नो वचन यर्मियामा कसरी "राखिदिनुभयो" ?

**पद १०**

तपाईंको विचारमा "उखेल्न र भत्काउन, नाश गर्न र भताभुङ्ग पार्न, निर्माण गर्न र रोप्न" वाक्यांशहरुको अर्थ के होला ?

परमेश्वरको योजनाअनुसार यर्मियालाई अगाडि बढाउने उनको चरित्र बारे तपाईं के विचार गर्नुहुन्छ ?

**पद १२**

परमेश्वरले बोलाउनुभएका मानिसहरुको सेवकाइमा उहाँ आफै सक्रिय हुनुहुन्छ भन्ने बारे यस पदमा कस्तो सिद्धान्त पाउनुहुन्छ ?

**पद १६**

परमेश्वरले आफ्ना मानिसहरुलाई न्याय गर्नुभए पनि यस पदले उहाँको चरित्र बारे के बताउँदछ ?

परमेश्वरले आफ्ना मानिसहरुलाई जे गर्छु भनी योजना बनाउनुभयो, सो बारे परमेश्वर न्यायिक ठहरिनुभयो त ? किन ?

**पद १७**

यर्मियाले आफ्नो "तयारी हुवाइ" मा के भूमिका निभाउनु पर्थ्यो होला ?

परमप्रभुले पहिल्यै भनिसक्नुभएको कुरा किन फेरि दोहोऱ्याउनुभयो होला (पद ८) ?

**पद १८**

"किल्ला भएको शहर, फलामको खामो र काँसाको पर्खाल" वाक्यांशहरुको अर्थ र महत्त्व के हो ?

पद १८ मा उल्लेख भएअनुसार मानिसहरु यर्मिया र उनको सन्देशविरुद्धमा किन चर्को विरोधी भएका होलान् ?

परमेश्वरले आफ्ना मानिसहरुलाई उहाँको पक्षमा खडा हुन आज कसरी बलियो र तयार पार्नुहुन्छ ?

**पद १९**

यस पदअनुसार परमेश्वर आफूले बोलावट दिनुभएका मानिसहरुप्रति उहाँको चरित्र र प्रतिवद्धता बारे के प्रस्तुत गरिएको छ ?

# समापन

**यसपछि के त ?**

**सहजकर्ताको लागि निर्देशनहरु :**

- नमूना ५को लागि दुईवटा कार्य योजनाहरुलाई पूनआवलोकन गर्नुहोस् ।
- सहभागीहरुलाई मण्डली स्थापकहरुको निम्ति सुसमाचार प्रचारको ५वटा सिद्धान्तहरु याद गर्न लगाउनुहोस् (सेसन ३ हेर्नुहोस्) ।
- सहभागीहरुलाई सेवा र सुसमाचार प्रचार बीचका तीन किसिमका सम्बन्धहरु याद गर्न लगाउनुहोस् (सेसन ५ हेर्नुहोस्)
- मण्डली स्थापकको हैंसियतले सहभागीहरुले आफ्नो सेवकाइमा जोशिलो पार्ने, उत्साह दिने वा उत्प्रेरणा दिने के कुरा तालिममा सिके, सो बारेमा उनीहरुलाई बताउन लगाउनुहोस् ।
- मण्डली स्थापकहरुलाई यस महिनाको निम्ति मण्डली स्थापना लक्ष्य निर्धारण गर्न लगाउनुहोस् (तल दिइएको चार्ट हेर्नुहोस्) ।
- सबै एकसाथ आराधनाको गीत गाउनुहोस् अनि मण्डली स्थापकहरुका निम्ति आशिषको प्रार्थना गरेर कार्यक्रमलाई समापन गर्नुहोस् ।

तपाईं अर्को नमूनामा सहभागी हुनुअघि तपाईंले निम्न कुरा गरेको हुनुपर्दछ :

- ➢ १० जना नयाँ व्यक्तिसित सम्पर्क बढाउने ।
- ➢ ५ जना व्यक्तिलाई सुसमाचार प्रचार गर्ने ।
- ➢ एउटा नयाँ सानो झुण्ड शुरु गर्ने ।

नमूना–५को निम्ति कार्य योजनाको जाँचबुझ :

- ➢ धर्मीकरण सम्बन्धी बाइबल अध्ययन अगुवाइ गर्नुहोस् (यस निर्देशिका-पुस्तिकाको सेसन १ मा हेर्नुहोस्), र तिनीहरुको धर्मीकरणको परिभाषा ल्याउनुहोस् ।
- ➢ मण्डली स्थापना गुरु योजना पूरा गर्नुहोस् (यस निर्देशिका-पुस्तिकाको सेसन ३ हेर्नुहोस्) ।

| यस महिनाको निम्ति मण्डली स्थापनाका लक्ष्यहरु | |
|---|---|
| **व्यक्तिगत** | |
| नयाँ सम्पर्क व्यक्तिहरु | सङ्ख्या |
| नयाँ विश्वासीहरु | सङ्ख्या |
| बप्तिष्मा भएका नयाँ विश्वासीहरु | सङ्ख्या |
| तालीममा सहभागी नयाँ अगुवाहरु | सङ्ख्या |
| **साना झुण्डहरु** | |
| नयाँ साना झुण्डहरु | सङ्ख्या |
| साना झुण्डहरुमा भएका नयाँ सहभागीहरु | सङ्ख्या |
| साना झुण्डहरुमा भएका नयाँ अगुवाहरु | सङ्ख्या |